मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फ्यानक्यानको बागमती प्रदेश कमिटी गठन

हेटौंडा, २१ वैशाख/नेपाल खाद्य, आयुर्वेदिक, न्युट्रास्युटिकल्स तथा कस्मास्युटिकल्स समाज (फ्यानक्यान)को बागमती प्रदेश कमिटी गठन भएको छ । ईश्वर भुसालको अध्यक्षतामा फ्यानक्यानको बागमती प्रदेश कमिटी गठन गरिएको हो । कमिटीको वरिष्ठ उपाध्यक्षमा रामप्रसाद ढकाल, उपाध्यक्षमा वीरेन्द्रकुमार महतो र महासचिवमा विष्णु खाती निर्वाचित भएका छन् । यसैगरी, सहसचिवमा लक्ष्मी नेपाल, कोषाध्यक्षमा मेरिना रिजाल, सहकोषाध्यक्षमा अरुण चन्द निर्वाचित भए ।

सदस्यहरुमा प्रविन चालिसे, अजित गुरु, सुरेश मण्डल र नवराज कडरिया निर्वाचित भएको फ्यानक्यानले जनाएको छ । फ्यानक्यानका केन्द्रीय अध्यक्ष सुरेन्द्र मानन्धरले बागमती प्रदेश कमिटीमा नवनिर्वाचित पदाधिकारीलाई बधाइ तथा सफल कार्यकालको शुभकामना दिए ।

# डेढ वर्षदेखि अलपत्र समिति सभापति चयन गर्न ४ जेठमा निर्वाचन

## प्रि-बजेट १ जेठमा, १४ गते नीति तथा कार्यक्रम ल्याइने

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ बागमती प्रदेशसभाका पाँच वटा विषयगत संसदीय समितिमा सभापति चयनका लागि ४ जेठमा निर्वाचन गर्ने दलहरुबीच सहमति जुटेको छ ।

प्रदेश सभामा सभामुख भुवनकुमार पाठकले राखेको सर्वदलीय बैठकमा ४ जेठमा समिति सभापति चयनका लागि निर्वाचन गर्ने सहमति जुटेको हो । प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा समिति, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति छन् ।

१८ पुस २०७९ मा प्रदेशसभाको पहिलो बैठक बसेको थियो । त्यसपछि १२ असार २०८० मा आएर मात्रै प्रदेशका पाँच वटा संसदीय समिति गठन भएको थियो । संसदीय समिति चयनको जिम्मेवारी सभामुखको भए पनि प्रदेशसभामा रहेका दलहरुबीच भागबण्डा नमिल्दा सभापति चयन हुन सकेको थिएन ।

तत्कालीन विपक्षी दल एमाले र राप्रपाको दबाबका कारण चालू आर्थिक वर्ष २०८०-८१ को बजेटमाथिको छलफल गर्न बोलाइएको प्रदेशसभा बैठकबाट एकै पटक संसदीय समिति गठन गरिएको थियो । तर, प्रदेशसभाको दोस्रो कार्यकालको १७ महिनासम्म पनि यी समितिले नेतृत्व नपाउँदा सरकारको काममाथि निगरानी गर्ने र जनसरोकारका विषयमा सरकारलाई घचघच्याउने संसदीय समिति प्रभावकारी भएनन् ।



समिति सदस्यहरुबाट ज्येष्ठताका आधारमा चुनिएका अध्यक्षहरुको नेतृत्वमा समितिको बैठक बस्ने गरेको छ । प्रदेशसभाका पाँचवटा समितिमा सबै दलको प्रतिनिधित्व हुने गरी कुल ९६ जना सांसदलाई समितिको सदस्य बनाइएको छ । जसअनुसार ४ वटा समितिमा १९ जना र एउटा समितिमा २० सदस्य छन् ।

समितिका सदस्यहरुबाट निर्वाचन गरी एकजना सभापति चुनिने छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सर्वसम्मत रुपमा सभापतिको टुंगो लगाउने दाबी गरे । उनले प्रदेशसभाका पाँच ठूला दललाई एक-एक वटा समिति सभापति दिएर जाने विषयमा सहमतिको प्रयास खोजिएको बताए । जसअनुसार नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र राप्रपाले सभापति पाउने छन् ।

सभापतिको दौडबाट विपक्षी दल नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र हाम्रो नेपाली पार्टी बाहिर रहेको संकेत गरे । 'नेमकिपाले सभापतिमा इच्छा देखाएको छैन् । हाम्रो नेपालीबाट एक जना मन्त्री भइसक्नु भयो । अब प्रदेशका पाँच मुख्य दललाई सभापति दिएर जाने सहमति भएको छ । सर्वसम्मत रुपमै टुंग्याउँछौं ।,' उनले भने ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिं लामाले ४ जेठमा निर्वाचन गर्ने दलहरुबीच सहमति जुटेपनि भागबण्डा नटुंगिएको बताए । उनले ठूलो दल भएकाले कांग्रेसले २ वटा सभापति मागेको बताए । 'हामी ठूलो दल भएकाले दुई वटा सभापति चाहिन्छ । दुई वटा भए सहमति हुन्छ । नत्र निर्वाचनबाट टुंगिन्छ ।,' लामाले भने ।

यसैगरी, गत १९ भदौमा पहिलो पटक समितिहरुको बैठक बसेर अध्यक्ष चयन गरिएको थियो । प्रदेश मामिला समितिमा नेपाली कांग्रेसका शिवराज अधिकारी, अर्थ तथा विकास समितिमा माओवादी केन्द्रका रामप्रसाद ढुंगाना, सार्वजनिक लेखा समितिमा माओवादी केन्द्रका ठाकुरप्रसाद ढकालले अध्यक्षता गरेका थिए । शिक्षा स्वास्थ्य तथा कृषि समितिमा कांग्रेसकी मिना कुमारी पराजुली पोखरेल र उद्योग, पर्यटन तथा वातावरण समितिमा कांग्रेसकी याङकिला शेर्पाले अध्यक्षता गरेकी थिइन् ।

**प्रि-बजेट १ जेठमा, १४ गते नीति तथा कार्यक्रम**

बागमतीमा ३१ वैशाखबाट बजेट (बर्खे) अधिवेशन बोलाउने दलहरुबीच सहमति भएको छ । १५ फागुन २०८० मा सुरु हिउँदे अधिवेशन १२ वैशाखबाट अन्त्य भएको थियो ।

सर्वदलीय बैठकमा बजेट अधिवेशनका लागि क्यालेण्डर बनाएर जाने विषयमा सहमति जुटेको आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले जानकारी दिए । बजेट क्यालेण्डर हरेक वर्ष कार्यान्वयनमा लैजाने सहमति दलहरुबीच भएको पनि उनले बताए । प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणको तयारीमा छ । जसअनुसार ३१ वैशाखमा बजेट अधिवेशन बोलाउने, १ जेठमा प्रि(बजेट ल्याउने, १४ जेठमा नीति तथा कार्यक्रम र १ असारमा बजेट प्रस्तुत गरिने मन्त्री थपलियाले जानकारी दिए ।

संवैधानिक व्यवस्था अनुसार १ असारमा प्रदेश सरकारले बजेट ल्याउनु पर्छ । तर, प्रदेश सरकारहरुले आगामी आर्थिक वर्षको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतासँगै नीति तथा कार्यक्रम अनुकुल समय मिलाएर ल्याउने गर्दछन् । 'अब बजेटका लागि क्यालेण्डर बनाएर अगाडि बढ्ने दलहरुबीच सहमति पनि जुटेको छ । आगामी वर्षहरुमा पनि क्यालेण्डर अुसार बजेटको प्रक्रिया अगाडि बढ्नेछ ।,' मन्त्री थपलियाले भने ।

आगामी आर्थिक वर्षको विनियोजन विधेयक(२०८१ को सिद्धान्त र प्राथमिकतामाथि १ जेठबाटै छलफल गर्ने दलहरुबीच सहमति भएको नेकपा (एकीकृत समाजवादी) संसदीय दलका नेता कृष्ण शर्मा खनालले जनाए । बजेट सन्तुलित ल्याउन आर्थिक मामिला मन्त्रीलाई सुझाव दिएको नेपाली कांग्रेस संसदीय दलका नेता बहादुर सिं लामाले जानकारी दिए ।

# हेटौंडामा शिक्षा निर्देशनालयको भवन निर्माण शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-८ सिर्जना बस्तीमा शिक्षा विकास निर्देशनालय हेटौंडाको भवन निर्माण कार्य सुरु भएको छ ।

बागमती प्रदेश सरकार अन्तर्गतको शिक्षा विकास निर्देशनालयको आफ्नै भवन चालु आर्थिक वर्ष २०८०/८१ मा जग र एकतला निर्माण हुनेछ । अर्को आर्थिक वर्षमा सम्पन्न गर्नेगरी भवन निर्माणको काम थालनी गरिएको हो । भवन निर्माणको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शुक्रबार शिलान्यास गरे । यस क्षेत्रको विकासमा यो भवन निर्माणले पनि सहयोग पुगेको बताए ।

हेटौंडामा स्थानीय तहसँगको लगानीमा देखिने गरी पूर्वाधार निर्माण वा रोजगारीको काम गर्न आफुहरु तयार रहेको मुख्यमन्त्री जम्कट्टेलले बताए । करिब दुइ अर्बसम्मको लगानीमा गरिने काममा स्थानीय सरकारको सहकार्यमा गर्नका लागि आफु तयार रहेको उनले बताए । कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मुक्तानले यस भवन बहुउपयोगी हुने बताइन् ।



पहिले जग्गाको समस्याका कारण शिक्षा निर्देशनालयको भवन बनाउने रकम फ्रिज भएकाले दुइ चरणमा निर्माण गर्नुपर्ने बाध्यतामा रहेको उनको भनाई थियो । कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका मेयर मिनाकुमारी लामाले हेटौंडामा प्रदेशको राजधानीका संरचना निर्माणमा आफुहरुले सहयोग गरिरहेको बताइन् ।

कार्यक्रममा शिक्षा विकास निर्देशनालय हेटौंडाका महानिर्देशक दिपेन्द्र सुवेदीले ८ कठ्ठा १६ धुर जग्गामा शिक्षाको भवन निर्माण गरेपछि प्रदेशभरीका ४० हजार शिक्षकको फाइलहरु व्यवस्थित ढंगले राखिने बताए । कुल २० करोड ८५ लाख रुपैयाँ लागत स्टमिट गरिए पनि पहिलो चरणमा ३ करोड लागतमा ठेक्का लगाइएको र एक करोड ९३ लाख ६१ हजार लागतमा निर्माण गर्नेगरी सम्झौता गरिएको सुवेदीले जनाए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# विद्यार्थीहरुलाई डढेलोको चेतना

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ बिद्यार्थीहरुलाई डढेलोको बारेमा जानकारी गराउने उद्धेश्यका साथ हेटौंडा ६ चौघडामा रहेको प्रज्वल शिक्षा सदन ईङलिश स्कूलले दैवी प्रकोप सम्वन्धि वन डढेलो नियन्त्रण सम्वन्धि अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।

अन्तरक्रिया कार्यक्रममा रानी सामुदायिक वन उपभोक्ता समूहका कार्यालय सचिव भीमसेन पौडेलले सहजीकरण गरेका थिए । वन डडेलो लाग्दा वातावरणमा प्रतिकुल असर पर्ने, जङगली जनावर, चराचुरुङ्गीको बासस्थन नष्ट हुने, जैविक विविधता, गैर्हकाष्ट वन पैदावार नाश हुने, काठ, दाउरा नष्ट हुने लगायतका विषयहरुमा विधार्थीहरुलाई जानकारी गराईएको थियो ।

प्रज्वल शिक्षा सदन बाल क्लवका अध्यक्ष विधा भूषण सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौडा ६ का वडा सदस्य लेखराज ढकाल विधालयका प्रिन्सिपल गणेशकुमार श्रेष्ठ, वडा स्तरीय बाल सञ्जाल अध्यक्ष रोजी सुवेदी, शिक्षक लक्ष्मी श्रेष्ठ, निर्मला श्रेष्ठ , आर्जन पुडासैनी, विधार्थी सलिना मानन्धरले वनडढेलो नियन्त्रणमा सबैले सहयोग गर्नु पर्नेमा जोड दिएका थिए । कार्यक्रममा कक्षा ३ देखि ५ सम्मका विधार्थीहरुको सहभागिता थियो ।

# थाहामा आगलागी हुँदा ११ लाख बराबरको क्षति

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ आगलागीबाट मकवानपुरको थाहा नगरपालिका ७ नम्बर वडा कार्यालयमा क्षति भएको छ ।

सल्लीभिर जंगलमा लागेको डढेलो सल्किएर बिहीवार साँझ थाहा नगरपालिका-७ नं.वडा कार्यालयको झ्यालमा आगो लाग्दा ११ लाख बराबरको क्षति भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । आगालागीबाट वडा कार्यालयको दुईवटा झ्याल, सोफा, इन्टरनेटको कन्ट्रोल बक्स, सोलार प्यानल ६ थान, ब्याट्री २ थान र तारहरु जलेर नष्ट भएको छ । प्रहरी, नगर प्रहरी, थाहा नगर पालिकाको दमकल र स्थानीयबासीको सहयोगमा करिव २ घण्टा ३५ मिनेट पछि आगलागी पुर्ण रुपमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
Hurry Up !
Seats are limited
Book your seat on time
App Store
Google Play
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरूः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# टिकटकमा यस्तो के छ, जसले मानिसलाई लत लगाउँछ ? किन बन्द गर्न चाहन्छ अमेरिका ?



अमेरिकी सरकारले चिनियाँ भिडियो एप टिकटकमाथि प्रतिबन्ध लगाउने तयारी गरिरहेको छ । टिकटक र अमेरिकी सरकारबीच लामो समयदेखि चल्दै आएको संघर्ष अब निष्कर्षमा पुग्ने चरणमा छ । किनकि राष्ट्रपति जो बाइडेनले अमेरिकामा टिकटक बेच्नुपर्ने अन्यथा प्रतिबन्ध लगाइने कानुनमा हस्ताक्षर गरिसकेका छन् ।

हुनत यसअघि पनि टिकटकको मातृ कम्पनी बाइटडान्ससँग टिकटकलाई कुनै अमेरिकी कम्पनीलाई बेच्न प्रस्ताव नगरिएको होइन । तर, उसले अस्वीकार गर्दै आएको छ ।

पछिल्लो अमेरिकी कदमपछि बाइटडान्सले अमेरिकीलाई टिकटक नबेच्ने प्रष्ट पार्दै त्यसविरुद्ध कानुनी लडाइँ लड्ने बताएको छ । बरु बेच्नुभन्दा अमेरिकामा टिकटक बन्द गर्नु उपयुक्त हुने बाइटडान्सको भनाइ छ ।

अमेरिकामा टिकटक प्रयोगकर्ताको संख्या करिब १७ करोड छ । ती प्रयोगकर्ताको विवरण चीन सरकारसँग रहेको र सोही डेटाको आधारमा चीनले जेपनि गर्न सक्ने आरोप अमेरिकाको छ ।

अमेरिका सरकारले यसलाई राष्ट्रिय सुरक्षा र गोपनीयतामाथिको खतरा बताइरहेको छ र सोही निहुँमा टिकटकमाथि प्रतिबन्ध लगाउने तयारी भैरहेको छ ।

टिकटक अहिलेसम्म दुनियाँमा जहाँ जहाँ सुरुआत भयो त्यहाँ अत्यन्तै लोकप्रिय बनेको छ । जसका कारण यस क्षेत्रमा पहिलेदेखि जरो गाडेर रहेका एपहरु बिदा हुन बाध्य भए । आखिर टिकटकमा यस्तो के छ जसले मानिसहरुलाई यतिधेरै पारखी बनाइदिन्छ कि उनीहरुमा टिकटकको लत लाग्दछ ?

टिकटकको नशा यस्तो छ कि हरेक उमेरका मानिसहरु यसको चक्करमा जुनसुकै हदसम्म जानका लागि तयार हुन्छन् । टिकटकको आफ्नो अल्गोरिदमका कारणबाट यो संसारभर एउटा नशा नै बनेको छ ।

बाइटडान्सका अनुसार टिकटकको एल्गोरिदममा कसैको पनि नियन्त्रण छैन, यद्यपि कतिपय देशले भने टिकटकको अल्गोरिदममाथि चीनले नियन्त्रण गर्नसक्ने बताउँछन् । टिकटकका सीईओ शाउ जीका अनुसार टिकटक कुनै सोसल ग्राफमा नभएर इन्ट्रेस्ट सिग्नलमा काम गर्दछ ।

यसको अर्थ टिकटकको वालमा देखिने सामग्रीहरु यस कुरामा निर्भर हुँदैनन् कि प्रयोगकर्ता कहाँको हो वा कुन ठाउँबाट टिकटक प्रयोग गरि रहेको छ ? तपाईंले के कुरा सबैभन्दा धेरै हेर्नुहुन्छ, त्यस्तै सामग्री नै टिकटकको वालमा देख्नुहुन्छ । टिकटकले यही सिस्टममा काम गर्दछ र तपाईंलाई त्यस्तै चिजहरु देखाउँछ । त्यही नै टिकटकको लोकप्रियताको राज हो । अन्य सोसल मिडियाहरु प्नि यही ढाँचामा काम गर्दछन् । तर उनीहरुको सटिकता टिकटकजस्तो छैन ।

टिकटकको एल्गोरिदम यस्तो छ कि यसले तपाईंलाई दिक्क हुन दिँदैन । यसको अल्गोरिदमले छोटो समयमै यसको अनुमान लगाउँछ कि तपाईंले कुन समयमा के हेर्न मन पराउनुहुन्छ । अनि त्यसका लागि ठूलो मात्रामा डेटा एकत्रित गर्दछ । यही कुरा नै विश्वका सरकारहरुका लागि टाउको दुखाइ बनेको छ ।

टिकटकको सबैभन्दा ठूलो विशेषता भनेकै यसले तपाईंको रुचि अनुसारका सामग्रीहरुको बीचबीचमा यस्ता भिडियोहरुको बारेमा पनि सुझाव गर्दछ जो तपाईंको रुचिभन्दा नितान्तविपरीत हुन्छन् र त्यस विषयको कत्ति पनि जानकारी तपाईंलाई हुँदैन । यस्तोमा प्रयोगकर्ताले केही नयाँ कुरा पाउँछन् र उनीहरुलाई दिक्क लाग्दैन ।

स्मरणरहोस् मेटाको प्लाटफर्मले टिकटकको विपरीत सोसल ग्राफ अल्गोरिदममा काम गर्दछ । अर्थात् जुन सामग्री धेरै मानिसले हेर्दछन्, तपाईंलाई पनि त्यही सामग्री देखाइन्छ ।

**यौन स्वास्थ्य**

# यौन स्वास्थ्य सम्बन्धी आठ भ्रम र यथार्थ

डब्लुएचओका अनुसार दैनिक एक लाख मानिस यौन प्रसारित रोगबाट प्रभावित छन् । अस्पतालमा यस्ता समस्या लिएर आउनेको संख्या निकै कम हुन्छ । तीमध्ये मुस्किलले केहीले चिकित्सकसँग यौन स्वास्थ्यबार जिज्ञासा गर्छन् । कतिपय यसरी खुलेर आफ्नो समस्या राख्न नसक्दा गलत सूचनाको सिकार हुन पुग्छन् । कहिलेकाहीं सही सूचना नपाउँदा मानिसले गलत भ्रम पाल्न सक्छन् ।



**१. गर्भ निरोधक चक्की सेवन गरेमा यौन प्रसारित रोग सर्दैन**

यो एक किसिमको भ्रम हो । यस्ता चक्कीले यौन प्रसारित रोगविरुद्ध लड्न मद्दत गर्दैन ।

पब्लिक हेल्थ इङ्ल्याण्डका यौन तथा प्रजनन् स्वास्थ्यका परामर्शदाता डा स्यू मान यस भ्रमबारे प्रस्ट पार्दै भन्छिन्, 'गर्भनिरोधक चक्कीले गर्भावस्थालाई मात्र रोकथाम गर्छ । यौन रोगबाट बच्न एउटै गर्भनिरोधक साधन मात्र प्रभावकारी हुन्छ, त्यो हो, कण्डम ।'

सीडीसीका अनुसार गर्भ रोक्ने अस्थायी साधन जस्तै, चक्की, कपरटी, तीनमहिने सुई, नरप्लान्टले एचआईभी जस्ता रोगलाई रोक्न सक्दैन । मात्र गर्भमा सन्तान बस्नबाट रोक्न सकिन्छ ।

**२. "विद ड्र वेल मेथड"ले गर्भ रोक्न मात्र होइन, यौन रोग लाग्दैन**

'विद ड्र वेल मेथड' अर्थात् शारीरिक सम्पर्क गरेपछि वीर्य योनी बाहिर स्खलित गर्नु हो । 'विद ड्र वेल मेथडले गर्भ बस्ने सम्भावना कम हुन्छ भन्ने कुरामा कुनै सत्यता छैन । सही समयमा यो प्रक्रिया गर्दा गर्भ बस्ने सम्भावना केही घटाउन सक्छ । तर चरम उत्कर्षमा पुग्दा योनी बाहिर स्खलित गर्ने समय ठ्याक्कै नमिल्न सक्छ,' डा. मान भन्छिन् ।

त्यति मात्र होइन, कहिलेकाहीं स्खलन हुनुअघि 'प्रि एजाकुलेट' हुनसक्छ । यस्तोमा कतिपय केसमा तरल पदार्थमा पनि वीर्य हुनसक्छ ।

यसैबारे भएको एक अध्ययनअनुसार समयपूर्व स्खलन भएका २७ जनाको नमुना परीक्षण गर्दा १० जनामा वीर्य पाइएको थियो । जसबाट विज्ञहरुले कसैमा 'प्रि एजाकुलेट' हुँदा वीर्य हुन सक्ने र कसैमा नहुने निष्कर्ष निकालेका थिए ।

जहाँसम्म यौन रोग नलाग्ने कुरा छ, यो पनि गलत बुझाइ रहेको छ । यो विधिबाट पनि यौन रोग एचआईभी, हर्प्स, साइफिल्स, गोनोरिया जस्ता रोग लाग्ने जोखिम उत्तिकै रहने डा. मान बताउँछिन् ।

**३. दोब्बर कण्डम एकै पटक लगाउँदा दोब्बर सुरक्षा**

धेरैको बुझाइ के छ भने दुईवटा कण्डम एकै पटक लगाउँदा दोब्बर सुरक्षा हुन्छ । तर यो एक भ्रम मात्र हो ।

'दुई वा दुई भन्दा बढी कण्डम लगाएर यौन सम्बन्ध कायम गर्नु झन् जोखिमपूर्ण हुनसक्छ,' डा. म्यान भन्छिन्, 'धेरै कण्डम प्रयोग गर्दा घर्षण हुँदा चापले कण्डम फुट्ने जोखिम बढी हुन्छ । कण्डम फुटेमा यौन रोग र गर्भ बस्ने सम्भावना अत्याधिक हुन्छ । त्यसैले एउटा मात्रै कण्डम प्रयोग गर्नु उपयुक्त हुन्छ ।'

**४. शौचालयबाट पनि यौन रोगको जोखिम हुन्छ**

यो सायद यौन रोग सम्बन्धित सबैभन्दा बढी फैलिएको भ्रम हो । यद्यपि, बारम्बार यो भ्रम हो भनेर खण्डन गरिए पनि यसलाई चिर्न सकिएको छैन,' उनले भनिन् ।

यी रोग यौनाङ्ग, मुख-मैथुन र यौन खेलौना जथाभावी प्रयोगबाट एकबाट अर्कोमा सर्छ । क्लामिडिया, गोनोरिया र सिफिलिस जस्ता भाइरसको संक्रमणले हुन्छ ती भाइरस मानव शरीर बाहिर लामो समयसम्म बाँच्न सक्दैन, त्यसैले सामान्यतया शौचालय सीटहरू जस्तै सतहहरूमा छिट्टै मर्छन् । जसकारण शौचालयबाट भाइरसहरुको संक्रमण सर्न नसक्ने उनी बताउँछिन् ।

**५. यौनरोगको कुनै उपचार छैन**

यौनरोगको उपचार सम्भव छ । तर पूर्णरुपमा सबै रोग निको हुन्छ भन्न सकिँदैन । विश्व स्वास्थ्य संगठनका अनुसार आठवटा जीवाणुमा क्लामिडिया, गोनोरिया र सिफिलिस र ट्रिकोमोनाइसिस जस्ता चारवटा रोग उपचार पछि निको हुनसक्छ ।

बाँकी रहेको चारवटा हेपटाइटिस बी, हर्पिस, एचआईभी र एचपीभी निको हुन सक्दैन ।

**६. यौनरोग यौन सम्पर्क नगरेसम्म सर्दैन**

यौन सम्पर्क मात्र यौन रोगको कारक होइन । मुख मैथुन, एकअर्काको यौनाङ्ग स्पर्श गर्ने र यौन खेलौना साटासाट गर्दा पनि यौन रोग सर्न सक्ने डा. म्यान बताउँछिन् । यौनक्रिया बाहेक सुईको गलत प्रयोगबाट पनि सर्न सक्छ ।

**७. समलिङ्गी पुरुषहरू मात्र एचआईभी संक्रमित हुन्छन्**

समलिङ्गी पुरुषहरू मात्र एचआईभी सङ्क्रमित हुन्छन् भन्ने ठूलो भ्रम छ । 'जुनसुकै जाति, उमेर, लिङ्ग जो सुकैलाई एचआईभी संक्रमण हुनसक्छ । यदि तपाईंलाई एचआईभी छ र तपाईंलाई थाहा छैन भने यौनसाथीलाई सर्ने सम्भावना बढी हुन्छ,' डा. म्यान भन्छिन् ।

**८. यौनरोगको लक्षण छ भने मात्र अरूलाई सर्न सक्छ**

धेरैलाई यौनरोग भएको थाहा नहुँदा यो रोग लाग्न र फैलिन सक्छ,' डा. मान भन्छिन्, 'यौनरोग लक्षण विना र लक्षणसहित फैलिन सक्छ ।'

डब्लुएचओका अनुसार धेरैजसो यौनरोगमा लक्षण देखिँदैन । र, केहीमा हल्का किसिमका लक्षण देखिन सक्छ ।

लक्षण नदेखिने हुँदा यौनरोगको परीक्षण र यौन सम्बन्ध कायम गर्दा कण्डमको अनिवार्य प्रयोग गर्नुपर्छ ।

# साहित्य

**कविता**

## अक्षरको साइज

✍राजेश सापकोटा

उसको स्वतन्त्रतालाई
जातको आँखाले तौलन्छन् अरू
मभित्र त ऊ पारिजात हुर्केकी हो !

देख्नलाई त
उस्तै देखिएला– उसका एकजोर आँखा
जस्तो देखिन्छ,
आजभोलि खिइँदै गएका अक्षरहरूको साइज
तर म सजिलै पढ्न सक्छु
ऋतुजस्तो संवेदनशील उसका आँखामा
परिवर्तनका बेहिसाब बद्ध र मुक्त लयहरू ।

आफ्नै इतिहाससँगको युद्धमा
आफैं जितेर आएकी योद्धा
अक्षरहरू खोजी खोजी
आफैं उमारेकी हो आफ्नो परिचय
तिमीले आँखाको साइज नापिरहँदा
तिम्रो अँध्यारोलाई छिचोलेर
बगरमा सुन फलाउन थालिसकेकी ।

आफैं हो ऊ, आफ्नो निर्माता
आफैं हो आफ्नो नियन्त्रक
पछ्याइरहेछ समयले
ती जादुमय चिम्सा आँखाका किनारहरू
सेतीको छाल
छिचोल्नै नसकिने गहिराइ
र विकट सुरुङको कहालीलाग्दो परिवेश
सबै सबै सहज छ उसका लागि
त्यसैले त हो
तिम्रा आँखामा उज्यालो नपर्दै
ऊ घाम बर्सिसकेकी छ बस्तीमा ।

ऊ आफैं पुस्तक र पुस्तकको खास अंश
प्रकाशकहरूले साइज घटाएको अक्षर
त्यही अक्षरझैं
घट्दै गएका अर्थहरू
र, अर्थहीन प्रतिस्पर्धाहरूभन्दा
कैयौं गुणा स्वीकार्य छ उसको स्पष्टता
त्यसैले म बुझ्न सक्छु सजिलै
लहर लहर दौडिएर
मान्छेका फदयतिरै फर्किने
साना आँखाका गतिशील भावहरू ।

ऊ हिँड्छे
स्वाभिमानको गीत गाउँदै हिँड्छ बतास
ऊ उभिन्छे
उसको सुस्केरामा नाच्दै उभिन्छ पहाड
कहिलेकाहीं बतास र पहाड ऊसँगै हिँड्छन्
त्यसबेला लय बनाउँछे आफैंलाई ऊ
भर्छे जीवन गीतको रसिलो धुन
र सिकाउँछे पहाडमा पहाड भएर उभिन ।

समयका सबैभन्दा धारिला विचारहरू
उसकै चेतनाको तापमा पिटिन्छन्
त्यहींबाट उठेको छ
यो समयको सर्वाधिक प्रिय विद्रोह
अहिले
विचारको अग्लो बिरुवा हुर्काइसकेकी छ उसले !

## मेरी प्रिया ढोई

✍राकेश कार्की

जब ऊ बिलौना गर्दागर्दा
धेरै बेर रोइ
तब हात्तीले भन्यो
मेरी प्रिया ढोई
हामीलाई सोध्दै नसोधी
हामी दम्पती नै उपहार दिएछन्
यो मुटुमा सधैं दुख्ने गरि
यो कस्तो चोटिलो प्रहार दिएछन्

हाम्रो प्रकृति हाम्रो वासस्थान
जनावरको अधिकार खोइ
मरुभूमिको गर्मीमा जाँदिन भनी
बिचरी साह्रै नै रोइ
हिमाली नदीको स्वच्छ पानी
अब कहाँ खान पाउनु
हे सरकार चिडियाखानामा
थुनेर कष्ट दिएको हेर्न आउनु

सुनिन्थ्यो मान्छेहरू पनि देशका
खाडी मुलुकमा दु:ख खेपिरहेछन्
दिनरात तिनका परिवार यता
आश र त्रासमा कुरिरहेछन्
हामी जनावरलाई त झन्
कसले पो माया गर्छ र
त्यो नौलो ठाउँ अनौठो वातावरण
हामीलाई कसरी मन पर्छ र

वनमा रमाउने हामी वन्यजन्तु
हरे त्यो चिडियाघरको बन्धन
त्यहाँको अर्कै खाना त्यहाँको हप्काइ
सम्झिँदै कहालिँदै रुन्छ यो मन
उपहार दिने लिने चाहिँ गफ गर्दै
मजाले खाएछन् पिएछन्
हामीलाई सोध्दै नसोधी
हामी दम्पती नै उपहार दिएछन्

जन्मेको हुर्केको ठाउँ सधैं
प्यारो हुने रहेछ
नचाहँदा नचाहँदै छोडी जान
यो मन रुने रहेछ
जब ऊ बिलौना गर्दागर्दा
धेरै बेर रोइ
तब हात्तीले भन्यो
मेरी प्रिया ढोई

**लघुकथा**

## छोराको उमेर

✍प्रोल्लास सिन्धुलीय

राजेन्द्रमानले गजिन्दरतिर हेऱ्यो । गजिन्दरले उमेशजङ् तर्फदृष्टि फ्याँक्यो । उमेशजङ् पनि उत्तर दिनसक्ने हिम्मत नभएकोले चुपचाप भित्तातिर हेर्न थाल्यो । बाँकी अरूहरू एकअर्कासँग मुखामुख र कानेखुसी गर्न थाले । निकै बेरपछि एउटा बच्चाले हात उठायो ।

प्रश्नकर्ताले हकाऱ्यो, -'ए फुच्चे तँ यस प्रश्नको उत्तर दिन सक्छस् ?' फुच्चे निर्भीक थियो । उसले स्वाभिमान पूर्वक भन्यो -'अहँ सक्दिनँ ।'

प्रश्नवाचकले धोद्रो स्वरमा पुन: हकाऱ्यो, -'किन हात उठाइस् त ?'

उमेशजङले आफ्नो छोराको दुस्साहसप्रति क्षमायाचना गऱ्यो । बच्चालाई विशेष बैठकमा ल्याएकोमा उसले खानुसम्म गाली खायो । हिजो सहरमा राष्ट्रघातको विरोधमा जुलुस र आमसभाहरू गरिएका थिए । त्यही जुलुसमा सामेल भएको आशंका गरी हाकिमले आफ्ना कर्मचारीहरूलाई चेतावनी दिन सो विशेष बैठक बोलाएको थियो । उसले हरेकलाई एउटै रुखो प्रश्न गरेको थियो 'राष्ट्रियता ठूलो कि जागिर ?'

बेलुका उमेशजङले आफ्नो छोरालाई झट्कारेर तान्यो र खाटमा थच्चाऱ्यो, 'ल भन तैंले के भन्न बैठकमा हात उठाएको थिइस् ?'

फुच्चेले अलिअलि डराउँदै, अलिअलि जोशिदै भन्यो, 'म भन्थे, महाशयहरू मेरो बाबासँग यसको उत्तर छ ।'

फुच्चे केटाको आफ्नो बाबुप्रतिको धारणा उच्च थियो । ऊ आफ्नो बाबालाई कायरता पूर्बक कसैको सामु झुकेको देख्न चाहन्नथ्यो । आफ्नो जन्मदाता बाबुलाई फुच्चे केटाले संसारकै साहसीहरू मध्येको एक ठानेको थियो ।

उसले खुइय्य गर्दै भन्यो, 'छोरा मैले आफ्नो स्वाभिमान गुमाइसकेको छु ।हिम्मत र उत्साहलाई यो जागिरसँग साटिसकेको छु । मभित्रको मानवता र राष्ट्रप्रेम खोक्रो र बलर हित छ । मैले जागिरे हाँसो हाँस्नुपर्छ, मैले जागिरे भाषामा बोल्नुपर्छ ।'

त्यसबेला मैले उत्तर दिएको भए भन्नुपर्थ्यो 'जागिर नै ठूलो हो श्रीमान् ।'तेरो उमेरमा म पनि तँ भन्दा स्वाभिमानी थिएँ बाबु ।' फुच्चे केटा भोलिपल्ट बिहान सबेरै उठ्यो र मन्दिरमा गयो । भगवान्को मूर्तिअगाडि आँखा चिम्लेर उसले प्रार्थना गऱ्यो 'हे भगवान् । मेरो यो स्वामिमानी उमेर मेरो बाबालाई दिनोस् ।'

**कविता**

## बुद्ध बनूँ लाग्छ

✍चन्द्रबहादुर लामा

सेताम्य देखिने हिमाल
टाढाबाट हेर्दा
देखेर पनि कहिल्यै नबोलेकी
प्रेमिका जस्तै
सुन्दर लाग्छ ।
बन्दोवस्ती राखेर ढाडमा
थमाएर खुट्टामा सारा बोझ
एक दुई एक दुई गर्दै
हिउँमाथि चालेर सजग पाइला
लडिएला कि भनी
कठ्यांग्रिदो चिसोमा
रूस र युक्रेन बिचको
नटुंगिने युद्ध झैं
अविराम जीवनको सैर्ष
बाँच्दै गरेको यात्रा लाग्छ ।

सेता मुलायम हिँउमाथि
चालेर कठोर पाइला
लिएर मनभरि जिद्दी अभिप्सा
एक कप तातो कालो चिया
र थकान मेट्ने सहज आरामको
पूरा नभएका रहरहरूको
एक थुप्रो जीवन झैं
अद्रवित हिउँहरूको
थुप्रो परेको सेतो हिमाल
शान्त, अटल र अचल
बसेको देख्दा त्यागेर सबथोक
शरणागत भई बुद्ध बनूँ लाग्छ।

## स्वयम् आफूलाई मुक्त पाएँ

✍प्रा. डा. मोहन प्रसाद जोशी

आफैंमा हुँदा
गह्रुँगो जीवन
गुरुलाई सुम्पिँदा
हलुङ्गो पाएँ ।

मनले सँगालेको
पुरानो फोहोरलाई
आत्मानुभूतिले
पखालेको पाएँ ।

पुराना कथाहरुको
गह्रुँगो भारी
गुरुकृपाले
विसर्जित पाएँ ।


गुरुचरणमा
टाउको थाप्दा
स्वयंबाट आफूलाई
मुक्त पाएँ ।

## चित्रकला



दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# बजेटको मुखमा प्रमुख प्रशासकीय अधिकृतहरूको मनमौजी सरुवा




**नयाँ योजना बनाउने, चालु योजनाको अनुगमन तथा मूल्यांकन गर्ने, भुक्तानी गर्ने समय छ, 'यस्तो बेलामा किन यसरी खेलौना गरी प्रमुख प्रशासकीय अधिकृतलाई फेरिंदैछ भन्ने जवाफ संघीय सरकारले दिनुपर्छ' -गाउँपालिका महासंघ**

काठमाडौं/आगामी आर्थिक वर्ष २०८१/८२ को लागि नीति तथा कार्यक्रम र वार्षिक बजेट बनाउने तयारी गरिरहेका स्थानीय तहहरुमा संघीय सरकारले मनपरी ढंगले प्रमुख प्रशासकीय अधिकृतहरुको सरुवा गर्दैछ । बिहीबार मात्रै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २७ वटा स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतहरु बदलेको छ ।

यसअघि वैशाख लागेयता करिब दर्जनौं स्थानीय तहमा यसरी प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन् । रिक्त पदमा प्रमुख प्रशासकीय अधिकृत पठाउनुपर्ने बेलामा मन्त्रालय त्यसतर्फ भन्दा काम गरिरहेकाहरुलाई फेर्न नै बढी अग्रसर छ । जबकी यो कर्मचारीहरुको नियमित सरुवा गर्ने समय नै हैन ।

अहिले स्थानीय तहरुमा आगामी वर्षको बजेटका लागि वडा तथा टोलबस्तीबाट योजनाहरु संकलन गर्ने र राजस्व परामर्श लगायतका विषयगत समितिका बैठकहरु राख्ने काम भइरहेको छ । स्रोत अनुमान समितिले अनुमान तयार गर्ने र नीति तथा कार्यक्रहरु बनाउने बेला छ ।

आर्थिक वर्षको अन्तिम समय आउन लागेकाले स्थानीय तहमा चालु योजना तथा कार्यक्रममा काम र खर्च गर्ने क्रम बढेको पनि छ । वार्षिक कार्यक्रम सकेर अन्तिम सयममा ठेकेदार र उपभोक्ता समितिहरुलाई भुक्तानीको तयारी हुँदै गर्दा संघीय मामिला मन्त्रालय धेरै प्रमुख प्रशासकीय अधिकृत फेर्न अग्रसर देखिएको छ ।

एमालेसहितको सत्ता गठबन्धन फेरिएर नयाँ मन्त्रीका रुपमा एकीकृत समाजवादीका भानुभक्त जोशी आएसँगै स्थानीय तहरुमा संघीय मामिला मन्त्रालयले मनपरी ढंगले सरुवा गर्ने क्रम बढेको छ । सत्तारुढ दलहरुले स्थानीय तहको प्रशासकीय अधिकृतमा आफू अनुकुलका मान्छे राख्न खोज्दा र मन्त्रालय जिम्मवार ढंगले प्रस्तुत नहुँदा पनि यस्तो अवस्था आएको जनप्रतिनिधिहरुकै आरोप छ ।

आगामी वर्षको बजेट बनाउने तयारी गरिरहेका स्थानीय तहहरुमा बजेट निर्माणको प्रशासकीय नेतृत्व गरिरहेकाहरु परिवर्तन गर्दा समस्या पर्न थालेको स्थानीय तहका जनप्रतिनिधिहरु बताउँछन् । 'काम गरिरहेका प्रमुख प्रशासकीय अधिकृतलाई विना पूर्वजानकारी र छलफल एकाएक सरुवा गरिएछ,' हालै प्रमुख प्रशासकीय अधिकृत बदलिएका एक नगरपालिकाका मेयरले भने,'बजेट नआइन्जेल प्रमुख प्रशासकीय अधिकृत यसरी नचलाए हुन्थ्यो, अब नयाँ मान्छेले यहाँ आएर आफ्नो काम र स्थानीय परिवेश् बुझ्नै ६ महिना लाग्छ ।'

बिहीबार संघमीय मामिला मन्त्रालयले हरिपूर्वा नगर पालिका सर्लाहीबाट प्रमुख प्रशासकीय अधिकृत अर्जुन रिजालको जिल्ला समन्वय समिति सुर्खेतमा सरुवा गरेको छ । दीपक ढकाल सिन्धुलीको दुधौली नगरपालिकाबाट महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पुगेका छन् ।

खुमलाल भुसाल अर्घाखाँचीको सन्धीखर्कबाट भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सरुवा भएका छन् । हरिप्रसाद अर्याल गुल्मीको रेसुंगा नगरपालिकाबाट संघीय माकिाल तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्तिमा तानिएका छन् ।

कीर्तिपुरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बास्कोटालाई हटाएर माधवप्रसाद ढकाललाई पठाइएको छ । बास्कोटालाई काभ्रेको मण्डनदेउपुर नगरपालिकामा पठाइएको छ ।

भुदेव झालाई रौतहटको इश्वरनाथ नगरपालिकाबाट बाराको पाँचरौता नगरपालिकामा लगिएको छ । सप्तरीको सुरुङ्गा नगर पालिकाबाट भीमराज कोइरालालाई हटाएर सविनसिंह चौधरीलाई जिम्मा दिइएको छ ।

तनहुँको व्यास नगर पालिकाका गांललाई सुवेदीलाई रौतहटको माधवनारायण नगर पालिकामा पुऱ्याइएको छ । नुवाकोटको बेलकोटगढी नगर पालिकाका पिताम्बर पाण्डेलाई काभ्रेको नमोबुद्ध नगरपालिका र त्यहाँका इश्वरप्रसाद शर्मालाई बाह्रबीसे नगरपालिकामा सरुवा गरिएको छ ।

मोरङको रुतवामाई नगरपालिकाका संजयबहादुर र जलवटको जिल्ला समन्वय समिति सुनसरी, भुक्तपुरको चाँगुनारायण नगरपालिकाका चुरामणि पन्थीको संघीय मामिला मन्त्रालयको अतिरिक्त समूह, डोल्पाको त्रिपुरासुन्दरी नगर पालिकाका जगदशीचन्द्र नेपालीको भूमिकास्थान नगरपालिका अर्घाखाँची र भूमिकास्थानका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द आचार्यको जिल्ल समन्वय समिति रुकुमपूर्वमा सरुवा भएको छ ।

मध्यनेपालका नगर पालिका लमजुङका शेषकान्त पौडेलको स्याङजाको चापाकोट नगर पालिका र सुनवल नगरपालिकाका पश्चिम नवलपरासीका चेतनाथ गिरी मुसिकोट नगरपालिका गुल्मीमा सरुवा भएको छ । विभिन्न नगर पालिकाहरुमा हालै उपसचिव बनेकाहरुलाई प्रमुख प्रशासकीय अधिकृतका रुपमा पठाइएको छ ।

यसरी वैशाख महिनामा धमाधम भइरहेको सरुवाले १० असारभित्र बजेट ल्याउन गृहकार्य गरिरहेका स्थानीय तहमा दबाब सिर्जना भएको छ । संस्थागत स्मरण कमजोर हुने भएकाले स्थानीय तहको नीति कार्यक्रम, बजेट तथा राजस्व निर्धारण लगायतका काममा नयाँ जाने प्रमुख प्रशासकीय अधिकृतलाई पनि काम गर्न सहज हुँदैन ।

अहिले स्थानीय तहरुमा एक घण्टा मात्रै प्रमुख प्रशासकीय अधिकृत कार्यलयमा उपस्थित नभए समस्या हुने अवस्था रहेको गाउँपालिका महासंघकी अध्यक्ष तथा नवलपुरको हुप्सेकोट गाउँपालिकाकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

'नयाँ योजना बनाउने, चालु योजनाको अनुगमन तथा मूल्यांकन गर्ने, भुक्तानी गर्ने समय छ,' उनले भनिन्,'यस्तो बेलामा किन यसरी खेलौना गरी प्रमुख प्रशासकीय अधिकृतलाई फेरिंदैछ भन्ने जवाफ संघीय सरकारले दिनुपर्छ ।' यो कदमले आर्थिक वर्षको अन्त्यमा उपभोक्ताले भएका कामको भुक्तानी लिन नसक्ने अवस्था आउने र ठेक्काको भुक्तानी पनि रोकिने अवस्था आउने भएकाले समस्या पर्ने उनको भनाइ छ ।

आगामी वर्षका लागि वास्तविक र नतिजामुखी बजेट खाका बनाउनुपर्ने र राजस्वको नयाँ स्रोतहरु खोज्नुपर्ने बेला स्थानीय परिवेशमा भिजेर काम गरिरहेका कर्मचारीलाई सरुवा गर्ने सरकारको कदमले आफूहरु चिन्तित भएको अध्यक्ष पाण्डेले बताइन् ।

'गाउँ-ठाउँमा विहानदेखि रातिसम्म काम गर्नुपर्ने बेला छ, यो बेलामा प्रमुख प्रशासकीय अधिकृतका लागि मेयर र अध्यक्षहरु झोला बोकेर काठमाडौंमा मन्त्रालयमा धाउनुपर्ने अवस्था बनाइँदैछ,' अध्यक्ष पाण्डेले भनिन्,'यस्तो अवस्था संघीयताका लागि दुर्भाग्यको अवस्था हो ।'

कम्तीमा २ वर्ष प्रमुख प्रशासकीय अधिकृतले काम गर्ने वातावरण बनाउनुपर्ने भन्दै यसबारे पटक-पटक मन्त्री र सचिवहरुलाई भनिए पनि सुनुवाइ नभएको पाण्डले बताइन् । उनले फेर्ने काम रोकेर भन्दा रिक्त रहेका स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउन संघ सरकारलाई आग्रह गरिन् । 'स्थानीय सरकारलाई कसैको स्वार्थमा नचाउने प्रयास हुनुहुँदैन,' अध्यक्ष पाण्डेले भनिन् ।

### मापदण्ड रोकेर मनपरी

निजामती सेवा ऐन र नियमावलीमा कर्मचारी सरुवाबारे स्पष्ट व्यवस्था छन् । तर, मन्त्रालयले विभिन्न कारण देखाएर मनमौजी सरुवाहरु गरिरहेको छ । निजामती ऐनमा विशेषज्ञ पद, सचिव तथा सहसचिवस्तरका बाहेकका कर्मचारीहरु तोकिएको समय तालिकाअनुसार कम्तीमा दुई डेढवर्षपछि सरुवा गर्ने उल्लेख छ ।

ऐनले कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा, विशेष जिम्मेवारी दिनु परेमा, विभागीय कारबाही गर्नु परेमा, निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएमा, निजामती सेवाको कुनै दर बन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेको र निजलाई सोही जिल्लास्थित अन्य कार्यालयमा समेत समायोजन गर्न सक्ने अवस्था नरहेमा र राजपत्र अनङ्कित निजामती कर्मचारीहरूलाई घर पायक सरुवा गर्नु परेमा तोकिएको अवधि अघि नै अगावै सरुवा गर्न सकिने व्यवस्था छ ।

कर्मचारी नियमावलीले सरुवाको समय तालिका तोकेको छ । नियमावलीअनुसार सामान्य प्रशासन मन्त्रालयले प्रत्येक वर्षको भदौ एक गतेदेखि भदौ मसान्त भित्रमा आफूले गर्ने नियमितसरुवा गर्नुपर्ने गरि सक्नुपर्छ । मन्त्रालय वा मन्त्रालय स्तरको केन्द्रीय निकाय वा विभागले प्रत्येक वर्षको असोज एक गतेदेखि असोज १५ गते भित्रमा, क्षेत्रीय (प्रदेश) स्तरका निकायहरूले प्रत्येक वर्षको असोज १६ गतेदेखि असोज मसान्तभित्र गर्नुपर्ने उल्लेख छ । कुनै कार्यालयमा रिक्त हुन गएको पदमा तोकिएको समय तालिका बाहेकको समयमा सरुवा गर्नु परेमा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिने व्यवस्था छ ।

तर, मन्त्रालयले यी व्यवस्था विपरीत एकै स्थानीय तहमा वर्षमा नै पटक-पटक प्रमुख प्रशासकयि अधिकृत फेर्ने गतिविधि गरिरहेको छ । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको सरूवा व्यवस्थापनमा मन्त्रालयले विगतदेखि नै यस्तो मनपरी गर्दै आएको छ ।

संघबाट खटिने प्रमुख प्रशासकीय अधिकृतहरुको सरुवा र व्यवस्थापनको मापदण्ड ल्याउन समेत रोकेर यसरी बमौसममा सरुवा गर्ने काम पटक-पटक भइरहेको छ । राजनीतिक र आर्थिक स्वार्थ समेत राखेर यस्तो सरुवा हुने गरेकाले स्थानीय तहमा बजेट निर्माणका सयममा यसले विवाद ल्याउने जोखिम समेत हुन्छ ।

मन्त्रालयले मंसिर २०८०मा नै सहसचिव सुमन दाहालको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा सम्बन्धी मापदण्डको मस्यौदा तयार गरेको थियो । यसअघिकी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले मापदण्ड लागु गर्न रुचि देखाइनन् ।

अनिता देवीभन्दा अघिका सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले पनि मापदण्ड जारी गर्न अध्ययन गराएका थिए, तर निर्णय लिन सकेका थिएनन् । उनले मन्त्रालय सम्हालेपछि तत्कालीन सहसचिव बलराम रिजालको संयोजकत्वको एक कार्यदलमार्फत प्रमुख प्रशासकीय अधिकृतको सरुवा र व्यवस्थापन सम्बन्धमा अध्ययन गराएका थिए ।

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगाना संघीय सरकार स्थानीय तहमा प्रमुख प्रशासकीय अधिृत खटाउनेबारे गम्भीर नहुँदा विभिन्न समस्याहरु देखिएको बताउँछन् । उनका अनुसार अहिले पनि कतिपय नगर पालिकाहरुमा प्रशासन सेवा बाहिरका उपसचिवसहित शाखा अधिकृतहरुले प्रशासकीय नेतृत्व गरिरहका छन् । यसले कार्यसम्पादन व्यवस्थित नहुने भएपनि मन्त्रालयले गम्भीरतापूर्वक लिएर खटनपटन नगरेको अध्यक्ष ढुंगानाको गुनासो छ ।

मन्त्रालयका वर्तमान मन्त्री जोशीले मधेश र दुर्गम क्षेत्रमा प्रमुख प्रशासकीय अधिकृत नखटाउने र धेरै स्थानीय तहहरु निमित्तका भरमा चल्ने अवस्था हटाउनुपर्ने भन्दै मापदण्ड लागु गर्नेबारे राष्ट्रिय गाउँपालिका महासंघ र नेपाल नगर पालिका संघसँग छलफल गरेका पनि थिए । तर, उनी पनि अहिले मापदण्ड जारी नगरी जथाभावी सरुवाका निर्णयहरु गर्न नै रुचि देखाइरहेका छन् ।

प्रस्तावित मापदण्डमा दुर्गममा बसेकाहरुलाई सुगममा मौका दिने, सुगममा धेरै बसेकालाई दुर्गममा पठाउने लगायतका प्रस्ताव गरिएका छन् । अहिलेसम्म स्थानीय तहमा काम नगरेका र ५० वर्ष उमेर ननाघेकालाई प्रमुख प्रशासकीय अधिकृत बनाउन प्राथमिकता दिने व्यवस्था पनि प्रस्तावित छ ।

प्रस्तावित मापदण्डको मस्यौदामा जथाभावी निमित्तको जिम्मेवारी नदिने र दिनुपर्दा पाँच वर्ष अनुभव अनिवार्य गर्दै वरिष्ठताका आधार बनाउने उल्लेख छ । मस्यौदामा मन्त्रालयबाट सरुवा भएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराएमा आधिकारिक कारण खुलाउनुपर्ने र त्यहाँ पर्ने प्रभावको सबै जिम्मा सम्बन्धित पालिका प्रमुख नै हुने लगायतका विषय पनि छन् ।

तीन वर्षसम्म संघका निकायमा काम गरेका कर्मचारीलाई स्थानीय तहको सेवामा अनिवार्य रुपमा पठाउने, नयाँ भर्ना र बढुवा भएर आउने उपसचिव र सहसचिवलाई पनि आवश्यकताअनुसार स्थानीय तहमा खटाउने, सेवामा ३ वर्ष काम गरेका अधिकृतलाई मात्रै प्रमुख प्रशासकीय अधिकृत बनाउने लगायतका प्रस्ताव गरिएका छन् । कर्मचारीको स्थायी ठेगाना र रुचि हेर्ने, विभिन्न सेवा समूहका कर्मचारीलाई प्राथमिकता दिने, अवकास हुनुभन्दा ५ वर्षअघिका कर्मचारीलाई स्थानीय तहमा नपठाउने लगायतका व्यवस्था पनि गर्न पनि प्रस्ताव छन् ।

यस्तै विशेष अवस्था बाहेक आर्थिक वर्षको अन्तिम ३ महिनामा सरुवा नगर्ने, जिम्मेवारी लिएपछि कम्तीमा २ वर्ष काम गर्नैपर्ने, विशेष परिस्थितिले सरुवा गर्नुपर्दा जायज कारणसहित एक वर्षको अवधिपछि मात्रै सरुवा गर्न सक्ने व्यवस्था गर्न पनि प्रस्ताव गरि एको छ । तर, यस्तो महत्वपूर्ण विधि सहितको मापदण्ड जारी गर्न मन्त्रालयले अहिलेसम्म रुचि देखाएको छैन ।

यसैकारण आफूलाई सहज हुने गरी प्रमुख प्रशासकीय अधिकृत लैजाने र फिर्ता गर्ने क्रम चलिरहँदा कतिपय कार्यरतलाई फेर्नका लागि काठमाडौंमा संघीय मामिला मन्त्रालयदेखि नेताको ढोका-ढोकासम्म पुग्नेहरु बढेको बढ्यै छन् । कतिपय स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नै नगराउनेसम्मको काम भइरहेको छ ।

यस्तो मामिलामा कतिपय मेयर/अध्यक्ष र दलका नेताहरुबीच टकराव चल्ने गरेको छ । नगर पालिकामा आफू अनुकूलको प्रमुख प्रशासकीय अधिकृत खोज्ने राजनीतिक नेतृत्वको प्रवृत्ति मात्रै होइन, आफ्नो रुचिको ठाउँमा मात्रै काम गर्ने कर्मचारीहरुको चाहनाले पनि स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतहरुको खटनपटनमा चरम विकृति छ ।

मापदण्डसमेत नबन्दा स्थानीय तहहरुमा प्रमुख प्रशासकीय अधिकृतहरुको व्यवस्थापन भद्रगोल बनेको छ । स्पष्ट विधि र मापदण्ड नभएकाले आफू अनुकूलका प्रशासक छान्ने राजनीतिक प्रवृत्तिमा सामान्य प्रशासन मन्त्रालय पनि मोहोरा बनिरहेको छ । कर्मचारीहरु सामान्य प्रशासनको अतिरिक्तमा बस्न तयार हुने तर विवादमा फसेको स्थानीय तहमा कर्मचारी जानै नमान्ने समस्या समेत छ ।

अधिकारीहरुका अनुसार कतिपय कर्मचारीले त राजनीतिक पहुँचको दुरुपयोग गरेर वर्षौंसम्म एउटै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत भएर काम गरि रहेका छन् । कतिपय निमित्त भएर काम गर्नेहरु पनि पद छाड्न तयार नहुने र सरुवा गरिहाले पनि सबै जोडबल लगाएर थमौती लिने गरि रहेका छन् । राजनीतिक नेतृत्वले समेत साथ लिएर हुने कतिपय गतिविधिमा मन्त्रालयको समेत साथ हुने र कतिपयमा मन्त्रालय निरीह हुने अवस्था छ ।

संघीय सरकारले खटनपटनको स्पष्ट मापदण्ड बनाउन नसक्दा स्थानीय तहहरुले रोजी-रोजी प्रमुख प्रशासकीय अधिकृत लैजाने र अनुकूलका व्यक्ति नपाए गाउँपालिकाका कनिष्ठ कर्मचारीलाई निमित्तको जिम्मेवारी दिलाउने क्रम बढेको छ । प्रमुख प्रशासकीय अधिकृतको सरुवामा प्रधानमन्त्रीको कार्यालय र सचिवालय, ठूला दलका शीर्ष नेता, मुख्यमन्त्रीहरु, मन्त्रीहरुदेखि कर्मचारीको बढी चासो हुन्छ ।

मन्त्रालयले पुराना कर्मचारीलाई स्थानीय तहमा खटाउन नसकेपछि लोकसेवा आयोगको परीक्षा पास गरेर प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट तालिम पूरा गर्नेवित्तिकै सोझै स्थानीय तहमा खटाउने पनि गरेको छ । यसले स्थानीय तहमा झन् समस्या बढाएको जनप्रतिनिधिहरुको गुनासो छ ।

राष्ट्रिय गाउँपालिका महासंघका महासचिव खिमबहादुर थापा प्रमुख प्रशासकीय अधिकृत खटाउने कुरामा संघीय सरकार गम्भीर हुनुपर्ने बताउँछन् । संघीय निजामती सेवा ऐन समयमै जारी नभएको अवस्थामा संघबाट मनपरी ढंगले प्रमुख प्रशासकीय अधिकृतको सरुवा हुनुले स्थानीय तहहरुमा समस्यामा फसेको उनको भनाइ छ । 'स्थानीय तहमा गर्नुपर्ने कामबारे सामान्य तालिम समेत नलिएका अधिकृतहरु पठाइँदैछ,' थापाले भने, 'यस्तो तरिकाबाट त हुँदै हुँदैन ।'

मन्त्रालयका जिम्मेवार अधिकारीहरू भने नियमित प्रक्रियाबाटै सरूवा नै भइरहेको दाबी गर्छन् । केही विवाद भएका सथानीय तहबाट सरूवाहरू भएको र नयाँ कर्मचारीले अवसर पनि पाइरहेको एक अधिकारीले बताए । तर, उनीहरू औपचारिक रुपमा प्रतिक्रिया दिन तयार छैनन् ।

*(स्रोत: अनलइनखबर)*

# फिल्म 'पूजार सार्की' र दलित आयोगका पदाधिकारी बिच छलफल



काठमाडौं/जेठ १० गते रिलिज हुने नेपाली चलचित्र 'पुजार सार्की'को टिम र राष्ट्रिय दलित आयोगका पदाधिकारी बिच छलफल भएको छ । जातीय विभेदविरुद्ध समाजका तीन पात्रहरूले गर्ने साझा संघर्षको कथामा आधारित भएर बनेको यो चलचित्र प्रति योगले चासो देखाउँदै यसै साता ललितपुरको कुपण्डलोस्थित आयोगको कार्यालयमा छलफल कार्यक्रम राखेको थियो ।

फिल्मको टिमसँग आयोगका अध्यक्षदेखि सदस्यसम्मले भेट गर्दै फिल्मबारे जानकारी लिए । फिल्मको टिमलाई स्वागत गर्न आयोगले विशेष कार्यक्रम नै राखेको थियो । फिल्मका अभिनेत्री द्वय अञ्जना बराइली र परीक्षा लिम्बू तथा लेखक विकास सुवेदीको कार्यक्रममा उपस्थिति थियो । लेखक सुवेदीले आयोगलाई फिल्मको कथावस्तुबारे जानकारी दिँदै 'पूजार सार्की' आफूले देखेको घटनामा आधारित भएर बनेको उल्लेख गरे ।

आयोगसँगको छलफलमा सहभागी हुँदै सुवेदीले भने, "मैले आफ्नो गाउँ ठाउँमा देखेको घटनामा फिल्म लेखेको हुँ । फिल्ममा उल्लेखित केही घटनालाई प्रगतिशील विचार राख्नेहरूले समेत मुर्ख्याइँको रूपमा लिने गरेका छन्, जुन कुरा बाहिर आउन जरुरी छ । यसले हाम्रो समाजको दृष्टिकोण अझै बदलिएको रहेनछ भन्ने मलाई लाग्यो ।' कमर्सियल कलाकारहरू र प्रस्तुतिसहित फिल्मबाट जात भन्ने चीज नै मानवीय दृष्टिमा स्वीकार्य हुँदैन भन्ने कुरा स्थापित गर्न खोजिएको लेखक सुवेदीले स्पष्ट पारेका थिए । "तत्कालीन राजा महेन्द्रले मुलुकी ऐन अन्त्य गरेर छुवाछुत जघन्य अपराध हो भन्ने स्वीकार गरे, त्यो दिनदेखि २०४६ सालको ५६ दिनको आन्दोलनको पेरिफेरिमा फिल्मको कथा घट्छ,' उनले भने ।

अभिनेत्री अञ्जना बराइलीले आफू पनि दलित समुदायबाट प्रतिनिधित्व गर्ने भएकाले बच्चैदेखि विभेद देखेको स्मरण गरिन् । फिल्मको कथा सुनेपछि काम गर्न उत्साहित भएको बताउँदै उनले फिल्म गर्ने बेला धेरै कुरा सिक्न पाएको धारणा व्यक्त गरिन् । अभिनेत्री परीक्षालाई भने सुरुमा यस्तो कथामा अझै पनि फिल्म बनाउन जरुरी छ र ? भन्ने लागेको रहेछ । उनले भनिन्, "जुन समुदाय र स्थानमा म हुर्किएँ, त्यहाँबाट हेर्दा अझै पनि यस्तो कथामा फिल्म बनाउन जरुरी छ र ? भन्ने लागेको थियो । जातीय विभेद त अब सकिसक्यो, यस्तो कथामा पनि फिल्म बनाउनुपर्छ र भन्ने भएको थियो । जब फिल्मको कथा सुनेँ र जहाँ छायाङ्कन भयो, त्यहाँको परि स्थितिले मलाई अचम्मित बनायो । त्यहाँ धेरै कुरा देख्ने र बुझ्ने मौका पाएँ ।'

दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले जातीय विभेद अन्त्य गर्ने उद्देश्यले 'पूजार सार्की' निर्माण भएकोमा खुसी व्यक्त गरे । उनले फिल्मलाई आयोगले पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए । "जातीय विभेदको विषय १४ प्रतिशत दलित समुदायको मात्र होइन, यसले हाम्रो देशको अर्थतन्त्रमै गम्भीर असर पारेको छ । यो कुराको अन्त्यका लागि फिल्म बनाएर जुन कदम चालिएको छ, त्यसका लागि सम्मान छ । र, आयोगले फिल्मलाई जुनसुकै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु,' अध्यक्ष विश्वकर्माले भने ।

दलित आयोगका सदस्यहरू मिना देवी सोव, टुन्जे कामी, मेहले पार्की र सुन्दर पुर्कुटीले पनि फिल्मले उठाएको विषयको प्रशंसा गर्दै यसले जातीय विभेद अन्त्य गर्न भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए । दिनेश राउतको निर्देशनमा तयार भएको 'पूजार सार्की'मा तीन सुपरस्टारहरू आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहको अभिनय छ ।

# पूर्वमा आक्रामक 'मनसरा'



काठमाडौं/'जारी' समूहको नयाँ फिल्म 'मनसरा'को शुक्रबार बाट भाग्य परीक्षा सुरु भइसकेको छ । देशभर उच्च शोज पाएको फिल्मले काठमाडौंमा मध्यम व्यापार गरिरहँदा पूर्वमा भने आक्रामक सुरुवात गरेको छ । लाहुरेको सहर भनेर चिनिने धरानमा फिल्मले बिहानैदेखि हाउसफुल यात्रालाई कायम राखेको छ । धरानस्थित फ्रेण्ड्स सिनेमाजले उपलब्ध गराएको चारवटै शोजमा हाउसफुल दर्शक देखिए ।

यसैगरी, विराटनगरको क्यूएफएक्स हल, सिटी सिनेमाज् र सेन्ट्रल मल्टीप्लेक्ससहित इटहरी, दमक र विर्तामोडका हलमा पनि फिल्म हेर्ने दर्शकको चाप उल्लेख्य रहेको जानकारी प्राप्त छ । फिल्मले लिम्बू संस्कृतिलाई पनि प्रस्तुत गरेकाले पूर्वमा फिल्मप्रति दर्शकको आकर्षण देखिएको हुनसक्छ । किनकि, पूर्व यही समुदायको बाहुल्यता रहेको सहर हो ।

बुधबार काठमाडौंमा प्रिमियर गरेपछि पूर्वका दर्शकलाई मध्यनजर गर्दै बिहीबार साँझ विराटनगरमा फिल्मको प्रिमियर आयोजना गरिएको थियो । प्रिमियरमा सहभागी हुन निर्देशक उपेन्द्र सुब्बासहित कलाकारहरु दयाहाङ राई, मिरुना मगर, प्रवीण खतिवडा, हेमन्त बुढाथोकी लगायत पूर्व पुगेका थिए । शुक्रबारबाट उनीहरुले पूर्वका हलहरुमा पुगेर दर्शकसँग साक्षात्कार गरिरहेका छन् ।

फिल्मको व्यापारमा महत्त्वपूर्ण मानिने काठमाडौंमा भने 'मनसरा'को बिहानी शोज अपेक्षाकृत हुन सकेन । यद्यपि, दिउँसोबाट हलमा दर्शकको चाप बढेको छ । रात्रिकालिन शोजमा करिब ६० प्रतिशत अकुपेन्सी देखिएको छ । 'वर्ड अफ माउथ' बलियो भएकाले शनिबारको व्यापारमा उछाल देखिन सक्ने प्रक्षेपण गरिएको छ ।

मनसरा धानको एउटा प्रजाति हो । यसलाई अन्य धानसँग मिसाएर मात्र रोप्ने गरिन्छ । यो धानको विशेषताजस्तै फिल्मले पनि मिश्रित समाजको कथा भनेको छ । जहाँ लिम्बू र बाहुन परिवार छिमेकी छन् । उनीहरुको सम्बन्धको आयामलाई मियो बनाएर फिल्मले कथावाचन गरेको छ । फिल्म हेर्ने प्रायः दर्शकले प्रवीण खतिवडाको अभिनय रुचाएका छन् ।

# 'कुल ब्वाई' अब फिल्मको हिरो, 'होस्टेल ३'बाट डेब्यु गर्दै

काठमाडौं/टिकटकमा 'कुल ब्वाई'को रुपमा चर्चित मानिएका पारस बम ठकुरी अब फिल्ममा देखिने भएका छन् । उनले फिल्म 'होस्टेल ३'बाट डेब्यु गर्न लागेका हुन् । बुधबार उनीसँग कार्यकारी निर्माता शंकर कोइरालाले कागजी सम्झौता गरेका छन् । उनलाई फिल्मको महत्त्वपूर्ण भूमिकामा लिइएको निर्देशक सशान कँडेलले जानकारी गराए । फिल्मले 'डिमान्ड' गरेको पात्रमा पारस सबै पक्षबाट उत्तम हुने भएपछि उनलाई लिइएको निर्देशक कँडेल बताउँछन् ।

पारस गायक समेत हुन् । उनका 'कान्छी कता हिँडेको', 'बुवाको नाक होस्' गीतहरु चर्चित छन् । उनले अब अभिनयमा आफूले पाइला चाल्न लागेकोमा खुसी व्यक्त गर्दै 'होस्टेल' जस्तो लिगेसी बोकेको फिल्मबाट डेब्यु गर्न पाउनु भाग्यको कुरा रहेको बताएका छन् । उनले दर्शकलाई निराश नगर्ने पनि वाचा गरेका छन् । निर्देशक कँडेल अबको नयाँ स्टार पारस बन्ने दाबी गर्छन् ।

होस्टेलमा बसेर अध्ययन गरिरहेका 'टिनेजर्स' र उनीहरुको भविष्यका घटनामा आधारित रहेर बन्न लागेको फिल्ममा माधव शर्माको स्क्रिप्ट लेखन छ । यसको कथा निर्देशक कँडेलकै हो । सम्मान इन्टरटेन्मेन्टले आरोन कन फिल्म्ससँग



सहकार्य गरेर निर्माण हुन लागेको फिल्मको निर्मातामा शिशिर ज्ञवाली रहेका छन् भने सह-निर्मातामा सुधा मरहट्टा, सुरेश कँडेल र अर्जुन सापकोटा छन् ।

२०७० सालमा रिलिज भएको 'होस्टेल'बाट अनमोल केसी, सलोन बस्नेत र प्रकृति श्रेष्ठले डेब्यु गरेका थिए । र, २०७२ सालमा आएको 'होस्टेल रिटर्न्स'बाट स्वस्तिमा खड्का, सुशील श्रेष्ठ, नाजीर हुसेन र सुशील सिटौलाको डेब्यु भएको थियो । दुवै श्रृंखलाका कलाकारहरु अहिले नेपाली फिल्ममा स्थापित छन् । 'होस्टेल ३'लाई यस वर्षको अन्त्यतिर प्रदर्शनको तयारी गरिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# वन मन्त्री पोखरेलको ७८ बुँदे प्रतिवद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ बागमती प्रदेशका वन तथा वातावरण मन्त्री केशव प्रसाद पोखेलले प्रतिवद्धता सार्वजनिक गरेका छन् ।

पदभार ग्रहण गरेको एक महिनापछि उनले शुक्रबार कामको प्राथमिकता बनाउँदै ७८ बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गरेका हुन् । समय सापेक्ष वन ऐन, नियमावली, वातावरण ऐन, वातावरण नियमावली र नीतिहरु तयार गरिने मन्त्री पोखेलले बताए । प्रदेशका सबै जिल्लामा वन पैदावारको सहज आपूर्तिको लागि सबै जिल्लाहरुमा जिल्ला वन पैदावार आपूर्ति समिति गठन गरिने बताए ।



अतिक्रमण नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन कार्यविधि बनाई लागु गरिने बताउँदै भने, 'वन संरक्षण तथा व्यवस्थापनमा अहोरात्र खटिने वन कर्मचारी र सामुदायिक वन उपभोक्ता समूहको मनोबल वृद्धि गर्न बिमाको व्यवस्था, विकास निर्माण कार्यको दिगोपना कायम गर्न र वातावरण मैत्री बनाउन विकास कार्यमा विनियोजन हुने बजेटको निश्चित प्रतिशत रकम वातावरण संरक्षण कार्यमा छुट्याउने नीतिगत व्यवस्था र प्रदेश भित्रको राष्ट्रिय वन क्षेत्र र वन सिमाङ्कनको अवस्था अध्यावधिक गरी पुस्तिका प्रकाशन गरिनेछ ।,'

वन मन्त्री पाखेलले निजी वन क्षेत्रको वातावरण संरक्षण र आर्थिक क्षेत्रमा उल्लेखनीय योगदान भएकाले निजी वन व्यवस्थापन कार्यविधि बनाई प्रभावकारी कार्यान्वयन गरिने बताए । वन क्षेत्रको भोगाधिकार पाएका निकायहरुको तथ्यांक अध्यावधिक गरी सम्झौताका शर्तहरु र वातावरणीय अध्ययन प्रतिवेदन अनुसार पुरा गर्ने दायित्वको अनुगमन गर्ने, पालना नभएको पाइएमा कानून बमोजिम कारवाहीको प्रक्रिया अघि बढाइने प्रतिवद्धता व्यक्त गरे ।

हरित शहर हरियाली क्षेत्र निर्माण गर्न स्थानीय तह सँगको सहकार्यमा घरको नक्शा पास गर्दा नै एक घर एक बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिने बताए । अन्तर्राष्ट्रिय दातृ संस्थाहरुको कार्यक्रम बागमती प्रदेशमा बिस्तार गराउन आवश्यक पहल गरिने बताए । 'वन संरक्षण, व्यवस्थापन तथा सदुपयोग वन तथा वातावरण क्षेत्रको जानकारी तथा तथ्यांक जनमानससम्म पुऱ्याउन तथा तथ्यपरक योजना तर्जुमा गर्न वन क्षेत्र सूचना प्रणाली अन्तरगत टोल फ्रि नम्बर तत्काल सञ्चालनमा ल्याउइनेछ । डिभिजन वन कार्यालयहरु मार्फत् वनको अवस्था, उपभोक्ताको चाहना तथा क्षमता अनुसार दिगो वन व्यवस्थापन कार्यविधि अनुसार उत्पादनशील वन क्षेत्रमा वन व्यवस्थापन तथा सदुपयोगको कार्य सञ्चालन गरिनेछ ।,' उनले भने ।

मिचाहा प्रजातिहरुको कारणले वनको उत्पादकत्वमा ह्रास भइरहेकोले मिचाहा प्रजातिहरुको नियन्त्रण तथा व्यवस्थापनको लागि भित्रि मधेशका जिल्लामा पाइलट कार्यक्रमको रुपमा ५०० हेक्टर वन क्षेत्रमा मिचाहा प्रजाति नियन्त्रण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने मन्त्री पोखेलले जानकारी दिए । बागमती प्रदेशको जैविक विविधता सम्बन्धी तथ्यांक संकलन, अभिलेख, व्यवस्थापन तथा प्रकाशन गरिने बताए ।

# बागमतीमा सार्वजनिक बिदा दिने सूचना राजपत्रमा प्रकाशित

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ बागमती प्रदेश सरकारले सरकारी कामकाजको भाषा शुभारम्भ भएको दिनको अबसरमा वैशाख २४ गते प्रदेशमा सार्वजनिक बिदा दिएको सूचना राजपत्रमा प्रकाशित गरेको छ ।

प्रदेश सरकारको वैशाख १२ गतेको निर्णयअनुसार नेपाली भाषाको अतिरिक्त तामाङ र नेपाल भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाका रुपमा लागू गर्ने दिन वैशाख २४ लाई तोकेको थियो । सोहीअनुसार प्रदेश राजपत्रमा शुक्रवार सूचना प्रकाशित गरिएको छ ।

'नेपाली भाषाको अतिरिक्त तामाङ भाषा र नेपाल भाषालाई बागमती प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा लागू हुने दिनेको अवसरमा वि.सं २०८१ साल वैशाख २४ गते सोमबार बागमतीका सम्पूर्ण सरकारी कार्यालयहरूमा सार्वजनिक बिदा दिने निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ,' प्रदेश सरकारका सचिव पूर्णबहादुर दर्जीले भनेका छन् ।



**अवरुद्ध कान्तलोकपथ खुल्न २/३ लाग्ने**: हेटौंडा-ठिंगन हुँदै काठमाडौं जाने कान्तिलोकपथ सडकको अबरुद्ध खुलाउन दुई वटा एक्साभेटर लगाएर काम गरिँदै । २१ वैशाख बिहान ९ बजेको समयमा ललितपुरको बागमती गाँउपालिका-२ रातोभिर स्थितमा सडक निर्माणको काम गर्ने क्रममा ढुंगा माटो धेरै झरि सडक समेत भासिएकोले कान्तिलोकपथ पूर्ण रुपमा अवरुद्ध हुन पुगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले उल्लेख गरेको छ । एक्साभेटर लगाएर भासिएको सडक पुर्ने काम भइरहेकोले अवरुद्ध खुल्न अझै २/३ दिनसमेत लाग्न सक्ने मकवानपुर प्रहरीले जनाएको छ । *तस्बिर: जिप्रका मकवानपुर ।*

# एमाले मकवानपुरको अधिवेशन मिति तय



साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ नेकपा एमाले मकवानपुरको जिल्ला अधिवेशनको मिति तय गरेको छ । यसअघि जेठ तेस्रो सातामा गर्ने निर्णय गरेकोमा मिति नै तय भएको हो ।

एमाले मकवानपुरको शुक्रवार बसेको सचिवालय बैठकले आगामी जेठ १८ र १९ गते जिल्ला अधिवेशन गर्ने निर्णय गरेको एमाले मकवानपुरका सचिव नवीन सिग्देलले बताए । अधिवेशनमा जिल्लाको १० वटा स्थानीय तहबाट करिब ७ सय जना प्रतिनिधि सहभागी हुने र त्यसको लागि जेठ ७ गते जिल्लाको सबै तहबाट एकै पटक प्रतिनिधि छनोट हुने सचिव सिग्देलको भनाइ छ ।

अधिवेशनको लागि जिल्ला अध्यक्ष एकालाल श्रेष्ठको संयोजनमा राजनैतिक तथा संगठनिक प्रतिवेदन लेखन समिति, उपाध्यक्ष लालबहादुर थापाको नेतृत्वमा मञ्च व्यवस्थापन समिति, सचिव नवीन सिग्देलको नेतृत्वमा प्रतिनिधि व्यवस्थापन समिति, उपसचिव हिदम लामाको नेतृत्वमा आर्थिक, उपसचिव सिता विष्टको नेतृत्वमा अतिथि सत्कार समिति निर्माण गरिएको एमाले मकवानपुरका प्रचार विभाग प्रमुख ध्रुव चौलागाईले बताए ।

# हेटौंडामा तीन दिने कला महोत्सव हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ हेटौंडामा मानवसेवा आश्रम समर्पित हेटौंडा कला महोत्सव हुने भएको छ । सटर्डे प्लेन एयरको आयोजनामा जेठ ३ गते देखि ५ गतेसम्म हेटौंडा कला महोत्सव हुन लागेको कला व्यवस्थापक दिवेश मान प्रधानले जानकारी दिए ।



कला महोत्सवमा सिद्धार्थ हल, भुटनदेवी मन्दिर, पुष्पलाल पार्क, सहिद स्मारक पार्कमा, चित्र कला प्रदर्शनी कार्यपत्र, चित्रकला सिर्जना, खुल्ला चित्रकला कार्यशाला कला संवादलगायतका कार्यक्रम हुनेछन् । हेटौंडा उपमहानगर क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदासँग राष्ट्रिय र स्थानीय कलाकारहरुको प्रत्यक्ष साक्षात्कार गराई सिर्जनामूलक वातावरण बनाउने हेतुले यो महोत्सवको परिकल्पना गरिएको आयोजकले जानकारी दिएको छ ।

हेटौंडा उपमहानगरका प्रमुख ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको प्राचिनता, मौलिकता र जीवन्तता कायम र हने गरी ललितकलाको माध्यमबाट तिनको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्नु आयोजकको उद्देश्य रहेको छ । प्रत्यक्ष रुपमा चित्रकला प्रदर्शनी करिब दुई हजार जनाले हेर्ने अनुमान आयोजकको छ । कार्यशाला करिब ३ हजार जनाले साक्षात्कार गर्नेछ र सामाजिक संजाल मार्फत करिब ५० हजार जनाले अवलोकन गर्ने विश्वास विश्वास लिएको आयोजकको छ ।

कला महोत्सवमा ख्याति प्राप्त वरिष्ठ कलाकार ५ र शनिवारीय कला अभियानका २० जना र हेटौंडा मकवानपुरका स्थानीय २५ गरी कुल ५० जना कलाकारहरुको प्रत्यक्ष सहभागिता रहने छ । हेटौंडा उपमहानगरपालिका भित्र रहेका पुरातात्विक महत्वका सम्पदाहरुको चित्रकला मार्फत दस्तावेजीकरण हुनेछ ।

मानव सेवा आश्रमलाई सयोगार्थ हुन लागेको कार्यक्रमबाट उठेको रकम ५० प्रतिशत मानव सेवा आश्रमलाई हुने आयोजकले जनाएको छ । साढे ६ लाख खर्चको अनुमान गरिएको कार्यक्रममा ५ जना वरिष्ठ कलाकारको उपस्थिति रहने छ । महोत्सवको जेठ ३ गते सिद्धार्थ माविको हलमा उद्घाटन भइ भुटनदेवी मन्दिर परिसर, पुष्पलाल पार्क हुँदै सहिद स्मारकमा खुल्ला चित्रकला कार्यशाला समापन हुनेछ ।

# वैदेशिक रोजगार पारिवारिक मिलन कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ टोल विकास संस्था वडा समन्वय समिति हेटौंडा-३ को आयोजना तथा वडा कार्यालयको आर्थिक सहयोगमा एक दिवसीय वैदेशिक रोजगार पारिवारिक मिलन कार्यक्रम सम्पन्न भएको छ ।




वैदेशिक रोजगारीबाट फर्किएकाहरुको पारिवारिक झैझगडा तथा विघटन रोक्न र आपसी माया, सद्भाव एवम् आत्मीयता बढाउन मद्धत पुगोस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको टोल विकास समितिका अध्यक्ष रोशन गोलेले जानकारी दिए । कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष ढलकबहादुर थापाले वैदेशिक रोजगारीले नेपालमा पैसासँगै पारिवारिक कलह, आपसी अविस्वासको वातावरण भित्याइरहेको भन्दै वैदेशिक रोजगारीबाट फर्किएका, जान लागेका वा रोजगारीकै अवस्थामा विदेशमा रहेकाहरुको परिवारलाई यस्ता कार्यक्रमले निकै सहयोग पुऱ्याउने बताए ।

कार्यक्रममा सुरक्षित आप्रवासन सामी कार्यक्रमकी मनोसामाजिक परामर्शकर्ता प्रतिक्षा भट्टराई र पार्वती विक्ले सहभागीहरुलाई मनोसामाजिक समस्याको कारण तथा समाधानका उपायबारे सहजीकरण गरेका थिए । सहभागीहरुले परामर्श पाएपछि आफ्नो परिवार प्रतिको उत्तरदायित्व र प्रेम अझै प्रगाढ बनाउन मद्धत पुगेको बताए । उनीहरुले उत्सुकता प्रस्तुत गर्दै मनोसामाजिक परामर्शका लागि सुरक्षित आप्रवासन सामी कार्यक्रमका परामर्शकर्ताहरुसँग नियमित सम्पर्कमा रहने र अझै जानकारी लिने बताए ।

कार्यक्रममा टोल विकास संस्थाका प्रतिनिधि वैदेशिक रोजगारीबाट फर्किएर पारिवारिक मिलनमा रहेका परिवारहरु, स्थानीय जनप्रतिनिधि एवम् पत्रकारहरु उपस्थिति थियो । आयोजकले मनोपरामर्श पाएका परिवारलाई सम्मान गर्दै सफल पारिवारिक जीवनको शुभकामना समेत दिएको थियो ।

# बालबोधमा विद्यार्थी नेता छान्न चुनाव

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ बालबोध माध्यमिक विद्यालय हेटौंडा १७ मा विद्यार्थीहरूबीच विद्यालय नेता तथा उपनेता चयनका लागि मतदान सम्पन्न भएको छ ।

शुक्रबार विद्यालयमा आयोजित मतदानबाट विद्यालय नेतामा अविराज गौतम र उपनेतामा क्रिविना गोले चयन भएका छन् । कक्षा ४ देखि १० सम्मका २ सय १८ विद्यार्थीले भाग लिएको मतदान प्रक्रियामा गौतमले १ सय १४ र गोलेले १ सय १३ मत प्राप्त गरेको विद्यालयका प्रधानाध्यापक दिपकलाल श्रेष्ठले जानकारी दिए ।

यसैगरी कक्षागत मनिटरमा कक्षा ४ बाट निरज घलान, कक्षा ५ बाट समर्पण मिश्र, कक्षा ६ बाट किर्तन ढुंगाना तथा कक्षा ७ बाट सुगम भूजेल निर्वाचित भएका छन् । कक्षा ८ का क्रिस्टिना गोले, ९ का रोहन विक र १० बाट आयुष पुडासैनी मनिटर चयन भएका छन् ।

विद्यार्थीहरुबीच आत्मअनुशासन कायम गर्नुका साथै कक्षाकोठा व्यवस्थापन र विद्यार्थीहरुबीच आइपर्ने विविध समस्या समाधानमा विद्यालय नेता, उपनेता तथा मनिटरहरुको महत्वपूर्ण भूमिका रहने प्रधानाध्यापक श्रेष्ठले बताए ।

# विपदबाट एक वर्षमा १५३७ जनाको मृत्यु, १ अर्ब २३ करोड रुपैयाँ क्षति

साझाकुरा संवाददाता

हेटौंडा, २१ वैशाख/ अघिल्लो वैशाखदेखि एक वर्षको बीचमा नेपालमा १ हजार ५४७ को मृत्यु भएको गृहमन्त्रालयले जनाएको छ । दुर्घटनाबाट ४ हजार १४७ जना गम्भीर घाइते भएको गृहमन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिए ।

शुक्रबार काठमाडौंमा भएको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा गृह मन्त्रालयका सचिव अर्यालले अघिल्लो वैशाखदेखि यस अवधिमा बाढी, पहिरो र भूकम्प लगायतका विपद्बाट ६३ जना र आगलागीबाट २६ जनाको मृत्यु भएको पनि उनले जानकारी दिए ।

यो ०८० वैशाखदेखि ०८१ वैशाख २० गतेसम्म गृह मन्त्रालयले राखेको तथ्यांक हो । यो अवधिमा विभिन्न विपद्हरुबाट १ अर्ब २३ करोड रुपैयाँ बराबर क्षति भएको जनाएको छ । यसमा सरकारले प्राकृतिक र गैरप्राकृतिक दुवैथरि विपद्लाई समेटेको सचिव अर्यालको भनाइ छ ।

## साधारणसभा सम्बन्धी सूचना !

यस संयुक्त मधेसी सेवा समाज नेपाल, मकवानपुरको आठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशन निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण सदस्यहरुमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै सदस्यता नवीकरण गर्न बाँकी रहेका सदस्य महानुभावहरुले मिति २०८१ बैशाख ३१ गते भित्र नवीकरणको लागी कोषाध्यक्ष अशोककुमार गुप्ता (९८५५०६९८८१) र सहकोषाध्यक्ष राजदेव बानियाँ (९८५५०६७७०२) सँग सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

**तपशिल**
**मिति** : २०८१ जेष्ठ ०५ गते, शनिबार
**समय** : बिहान ८:०० बजे देखि
**स्थान** : होटल प्रकाश, हेटौंडा -१०, बाईपास रोड

**संयुक्त मधेसी सेवा समाज नेपाल**
हेटौंडा, मकवानपुर

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## जनहितमा जारी सन्देश !

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**

हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना